स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



टेलिभिजन रियालिटी शो 'द भ्वाइस किड्स' सिजन ३ को कोचमा गायिका मेलिना राई जोडिएकी छन् । शोले सामाजिक संजालमार्फत उक्त जानकारी दिएको हो । शोको नयाँ कोचमा मेलिनासँगै यसअघि युवापुस्तामा रुचाइएका पपगायक छेवाङ शेर्पा पनि अनुबन्धित भैसकेका छन् । प्रमोद खरेलले पनि कोचको रुपमा निरन्तरता दिने भएका छन् । यतिबेला भ्वाइस किड्सको पछिल्लो संस्करणका लागि डिजिटल अडिसन चलिरहेको छ । ६ देखि १७ वर्ष उमेर समूहका इच्छुक बालबालिकाले यो शोमा भाग लिन पाउनेछन् ।

आजको विचार...



जगन्नाथ पन्त

रामनवमी...

(दुई पेजमा)



सामाजिक संजालले निम्ताएको सकारात्मक र नकारात्मक प्रभावको कथावस्तुमा आधारित रहेर निगम श्रेष्ठले नयाँ फिल्म 'भाइरल गोर्से' निर्देशन गर्ने भएका छन् । सौगात मल्ललाई शीर्ष भूमिकामा लिएर 'छक्के' फेम्ड निर्देशकले नयाँ फिल्म निर्देशनको घोषणा गरेका हुन् । सार्वजनिक गरिएको टीजर पोस्टरमा सौगातको क्यारेक्टर लुक्स चित्रण छ । जहाँ उनी दुई राँगामाथि चढेर क्यामेराका लागि पोज दिइरहेको देख्न सकिन्छ । यो फिल्ममा सौगातसहित बुद्धि तामाङ, सृष्टि श्रेष्ठ र लक्ष्मी गिरी लगायतको अभिनय हुनेछ ।

❑ वर्ष २९ ❑ अंक २५७ ❑ २०८१ वैशाख ५ गते बुधबार 17 April 2024, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

### संक्षिप्त समाचार

## काश्मिरमा डुङ्गा डुब्दा छ जनाको मृत्यु

(रासस/सिन्ह्वा)


**नयाँदिल्ली,** वैशाख ४/काश्मिरमा मंगलबार डुङ्गा पल्टिँदा डुङ्गामा सवार चार जना स्कुले बालबालिकासहित कम्तीमा छ जनाको मृत्यु हुनुका साथै अन्य धेरै बेपत्ता भएको अधिकारीहरूले बताएका छन् । अधिकारीहरूका अनुसार काश्मिरको ग्रीष्मकालीन राजधानी श्रीनगरको बाहिरी भागमा रहेको झेलम नदीमा २० जनाभन्दा बढी मानिस बोकेको डुङ्गा दुर्घटना ग्रस्त भई पल्टिएको थियो । एक प्रहरी अधिकारीका अनुसार मंगलबार बिहान गान्दबल क्षेत्रको झेलम नदीमा उक्त डुङ्गा पल्टिँदा नदी पार गर्न प्रयोग गरिएको डोरी अचानक खसेको थियो । दुर्घटनामा परी छ जनाको मृत्यु भएको छ भने अन्य धेरै बेपत्ता भएका छन् । दुर्घटनामा परी बाँचन सफल भएका केही व्यक्तिहरूको उद्धारपछि अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनापछि स्थानीयले अधिकारीहरूलाई सूचना गरेपछि बेपत्ताहरूको खोजी गर्न प्रहरी र विपद् प्रतिक्रिया बलका कर्मचारीहरूको उद्धार टोली पठाइएको थियो । केही स्थानीय मिडिया रिपोर्टहरूले बेपत्ता हुनेहरूको संख्या १० जना भन्दा माथि रहेको जनाएका छन् । पछिल्ला केही दिनदेखि यस क्षेत्रमा परेको भारी वर्षाले गर्दा नदीको जलस्तर बढेको छ ।

### जन–जनमा बढ्दै योग

# मन, बचन, कर्म र शरीरलाई स्वस्थ राख्न दैनिक योग अभ्यास

कृष्ण पोखरेल

**पाल्पा,** वैशाख ४/अहिले नेपालमा मानिसको जन्मदर घट्दै गएको छ तर विरामी र अस्पताल स्वास्थ्य संस्थाको संख्या दिनहुँ बढ्दै गएको छ । गाउँको सामुदायिक स्वाथ्य केन्द्रदेखि राजधानी काठमाडौं सम्मका ठूला अस्पतालहरुसम्म विभिन्न रोगका विरामीहरुले भरिएका छन् । सरकारले नागरिकको उपचारको लागि अरबौ रकम खर्च गरेपनि नत विरामीको संख्या घटेको छ नत अस्पतालका बेडहरु खाली भएका छन् । स्वास्थ्य स्थिति दिनहुँ भयावह बन्दै जाँदा, मन बचन कर्म र शरीरलाई स्वस्थ्य राख्ने योग शिक्षा, योग अभ्यासको मोह भने दिनप्रति दिन बढ्दै गएको छ ।



अहिले गाउँ सहर जतातटै सर्ने भन्दा नसर्ने रोगहरुको अवस्था भयावह बन्दै गएको छ । २५ वर्ष नपुग्दै मानिसहरुमा सुगर, ब्लडप्रेसर, कोलेस्टोर, क्यान्सर, थाइराइड, मुटु रोग, ढाड कम्मर जस्ता रोगले हामी जस्ता अल्पविकसित मानव जीवनलाई नै अल्पायु बनाउँदै लगेको छ । सरकारले रोग लागेपछि उपचार गर्न ठूला-ठूला अस्पताल बनाएको छ । हजारौं डाक्टर नर्स उत्पादन गरेको छ । जटिल किसिमका रोगहरु भयावह बन्दै गएको अवस्थामा मन, मस्तिष्क र शरीरलाई सधैं स्वस्थ राख्ने योग शिक्षालाई नागरिक तथा विभिन्न संघ संस्थाहरुले प्राथमिकता दिदै आएका छन् । सरकारको प्राथमिकतामा नपरेको योग शिक्षालाई नागरिकस्तरबाट देशव्यापी रुपमा नियमित योग अभ्यास र जनचेतना फैलाउँदै आएका छन् । मन बचन र कर्मलाई स्वस्थ राख्ने, शरीरलाई निरोगी बनाउने एक मात्र औषधी भनेको नियमित योग अभ्यास भएकोले सिक्ने र सिकाउने अभियानामा जुटेको पतञ्जली योग समिति पाल्पाका अध्यक्ष शुरेसप्रसाद श्रेष्ठले बताए ।

अहिले सर्ने रोग भन्दा नसर्ने प्रकृतिका रोगहरुको संख्या बढ्दै गएको सोही कारण धेरै मानिसको मृत्यु भइरहेको छ । अस्पतालहरुमा पनि सर्ने भन्दा नसर्ने रोगका विरामीहरु नै बढी आउने गरेका छन् । विभिन्न किसिमको तनावको कारण मानसिक रोगी र आत्महत्याका घटनाहरु बढ्दै गएका छन् । सरकारले उपचारसंगै योग शिक्षा र जनचेतना अभियानलाई प्राथमिकता दिएर काम गर्नुपर्ने पाल्पा अस्पतालकी नसिङ्ग प्रमुख एवं पतञ्जली महिला योग समितिकी अध्यक्ष लक्ष्मी जिसी कार्कीले बताइन् । समितिले नियमित रुपमा विहान ५ बजे देखि ७ बजेसम्म विशाल बजारको शाही केन्द्र मन्दिरमा नि:शुल्क रुपमा योग अभ्यास गराउँदै आएको र जोसुकै व्यक्ति पनि अभ्यासमा सहभागी हुन पाउने व्यवस्था मिलाएको कोषाध्यक्ष पदमा भट्टराईले बताइन् ।

दैनिक योग अभ्यासबाट शरीरमा देखिएका रोगहरु हट्दै जाने र शरीरलाई अन्य रोग लाग्नबाट बचाउने गरेको नियमित योग अभ्यासबाट महसुस गरेकोले विगत ५ वर्षदेखि नियमित योग अभ्यास लागेकी तानसेन सिल्खानटोलकी कल्पना भट्टराईले बताइन् । पतञ्जली योग समिति पाल्पाले नियमित तथा नि:शुल्क रुपमा तानसेनको शाही मन्दिर, गणेश मन्दिर, दमकडा, रामपुर, पालुङमैनादी क्षेत्रमा नयमित रुपमा योग अभ्यास गराउँदै आएको छ । पछिल्लो समयमा अत्याधुनिक जीवनशैली र व्यस्तताको कारण औषधी बिना शरीर बाच्न नसक्ने परजिवि भएको छ । अर्को तर्फ दैनिक एकदेखि दुई घण्टाको नियमित योग अभ्यासले अधिकांश रोगहरुबाट बच्न सकिने योग प्रशिक्षक मनोज पौडेलले बताए । प्राणघातका रोगको रुपमा चिनिएको क्यान्सर, योग अभ्यास बाट निकै हुदै गएको छ । पत्थरी, मधुमेह, टिवी, जस्ता रोगहरु नियमित योग अभ्यासको कारण निको हुँदै आएको दावी योग प्रशिक्षकहरुको रहेको छ । विभिन्न किसिमका रोगबाट ग्रसित भएको आफ्नो शरीर अहिले स्वस्थ्य भएको, आफु स्वस्थ्य भएपछि अन्य व्यक्तिहरुलाई पनि स्वस्थ बनाउने अभियानमा लागेको योग शिक्षक बैजनाथ यादवले बताए ।

योग अभ्यासबाटै हजारौं व्यक्तिहरुले पुन:जिवन पाएका छन, लागेको रोगहरु पूर्णरुपमा औषधी सेवन बिनै निको भएका छन् । नियमित योग अभ्यासकर्ताहरुको जीवन सर्वश्रेष्ठ बनेका छन् । अहिले केन्द्र प्रदेश र स्थानीय सरकारको बजेट निर्माणको तयारीमा जुटेका छन् । योग शिक्षालाई हरेक शहर बस्ती, टोल(टोलमा पुऱ्याउन जिल्ला योग समितिले मिलेर काम गर्ने तानसेन नगरपालिकाका जनप्रतिनिधिहरुले प्रतिवद्धता जनाएका छन् । आगामी वर्षमा योग शिक्षा र अभ्यासलाई अझ विस्तारित गर्न नगरपालिकाबाट आवश्यक बजेट विनियोजन गरिने तानसेन नगरपालिकाका वडा ६ का वडा अध्यक्ष सागरमान महर्जनले बताए । योग शिक्षा र अभ्यासको लागि नीतिगत रुपमै स्थानीय सरकारबाट सम्बोधन गरिनुपर्ने सर्वसाधारणको माग रहेको छ । पालिकाहरुले रोग लागेर उपचार खर्च दिने अस्पताल निर्माण गर्ने काम संगसंगै रोग नै लाग्न नदिने गरी योग शिक्षा विस्तारको लागि प्रयाप्त बजेट निर्माण गरेमा स्वस्थ व्यक्ति, स्वस्थ्य समाज र स्वस्थ्य देश निर्माण गर्न सकिने छ ।




## स्वास्थ्य चौकी बनाउन स्थानीयले दिए जग्गा

**वालिङ (स्याङ्जा),** वैशाख ४/स्वास्थ्य चौकी भवन बनाउनका लागि यहाँका स्थानीयले नि:शुल्क जग्गा दिएका छन् । स्याङ्जाको भीरकोट नगरपालिका-५ सिम्लेमा स्वास्थ्य चौकी भवन बनाउनका लागि स्थानीयले चार रोपनी आठ आना जग्गा नि:शुल्क उपलब्ध गराएका हुन् ।




नजिकै स्वास्थ्य चौकी भवन नहुँदा आधारभूत स्वास्थ्य उपचारबाट बञ्चित रहेका यहाँका स्थानीयले गाउँमै स्वास्थ्यचौकी भवन भएपछि सहजरुपमा स्वास्थ्य सेवा पाइने विश्वासका साथ स्वास्थ्य चौकीको नाममा जग्गा दिएका वडाध्यक्ष सुवेदार कृष्णबहादुर थापाले जानकारी दिए । "भिरकोट-५ को वडा कार्यालय रहेको स्थान तिलाहार नेटामा स्वास्थ्य चौकी छ", उनले भने, "सिम्ले आसपासका नागरिकलाई स्वास्थ्य सम्बन्धी आधारभूत सेवा उपलब्ध गराउनका लागि स्वास्थ्यचौकी आवश्यक थियो । जग्गा प्राप्त भएसँगै भवन निर्माण थालेका छौं ।"

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## देश रोइरहेछ

'नेपाल आमा रोइरहेको हेर्न मन कसलाई लाग्छ र ?' भन्दै गर्दा वर्तमान अवस्थाले आमसर्वसाधारणमा नैराश्यता मौलाउँदै गएको बुझिन्छ । देशले विकासका योजना नपाएको पनि होइन, देशले गाउँका किसानको मनोभावलाई बुझेर आफ्ना नीति र कार्यक्रम पनि बनाएकै हो तर कहाँ अनि के कमजोरी भयो कुन्नी देशवासीहरु नैराश्यताको चपेटाबाट बाहिर निस्कन सकिरहेका छैनन् । निराशाका खाँडलहरु पुर्ने र आशावादीका परिचय दिने खालका गतिविधिहरु अत्यान्तै कमजोर भएका छन् । चारैतिर विरोधाभास अनि आहालका मूलहरु मौलाएका छन् । जनता र सरकार दुवैले आफ्नो काम कर्तव्य प्रति चासो दिएका छैनन् । सरकारले जनताप्रतिको अभिभावकत्व ग्रहण गर्ने कुरामा अलमल गरिरहेको देखिन्छ । जनता केवल आशा खेती पर्खिरहेका देखिन्छन् । सरकारको नीति र बजेट अनि कार्यक्रमहरु प्रत्येक वर्ष बनिरहन्छन् तर कायान्वयनका पक्ष भने कहि न कहि कमजोर भएकै कारण जनताले निराशा व्यक्त गर्ने मौका पाएका हुन् । निर्वाचनका बेला ठूला-ठूला आशाहरु देखाउने अनि कार्यान्वयनमा पटक्कै वास्ता नगर्ने गरेका कारण पनि समस्याहरु बढिरहेका छन् ।

शैक्षिक बेरोजगारी अनि आर्थिक रुपमा देखापरेका मन्दीलाई सही रुपमा व्यवस्थापन गर्न नसक्नु पनि सरकारको कमजोरी हो । रातारात सरकारको अस्थिरताका बादलहरु मडारिरहने परम्पराहरुले पनि समस्या श्रृजना गरेका छन् । बालबालिका, महिला र वृद्धहरुका अधिकार अनि उनीहरुको स्वास्थ्य उपचारका लागि राज्यका कुनै पनि सरकार गम्भीर नभएका कारण पनि जनताले अकालमै मृत्युवरण गर्नुपर्ने बाध्यताहरु छन् । यी र यस्तै तमाम समस्याहरु समाधान नखोज्दा सरकारले केही पनि गरेर भन्ने आरोप खेप्नुपर्ने बाध्यता छ । त्यसकारण अहिले समग्रतामा देश रोइरहेछ । त्यसैले जनताको मुहारमा हाँसो देखिने गरी काम गरौं, अनि बल्ल देश हाँसेको अनुभूति हुनेछ । अन्यथा जहिले पनि देश रोइरहनुपर्ने बाध्यता कायम रहन्छ ।

### Opinion @ Social Network

सम्बन्ध जुनसुकै होस्, बेकार छ...
यदि त्यसमा इज्जत र विश्वास छैन भने
(बिनिता पाण्डेयको फेसबुक स्टाटस *https://www.facebook.com/Bee Ni Ta*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रामनवमी पर्व र यसको परम्परागत महिमा



**जगन्नाथ पन्त**

चैत्र शुक्लपक्षाको चैत्राष्टमीलाई हामी चैते दशैं र भोलिपल्टलाई रामनवमी अर्थात् रामजयन्ती भनेर मानिआएका छौं । कहिले काँही तिथी घटबढ हुन जाँदा एकै दिन चैते दशैं र रामनवमी पनि पर्ने गरेको हुन्छ । २०८० सालमा राम नवमी नै परेन । २०८१ सालमा दुईवटा रामनवमी परेका छन् । कृष्णाष्टमी, शिवरात्री, रामनवमी सनातन वैदिक धर्मका विषेश दिन हुन् । हरे राम हरे राम, राम राम हरे हरे । हरे कृष्ण हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे । यो संकृतन मन्त्र कलिसन्तरणोपनिषद् को मन्त्र हो । यो शक्तिशाली मन्त्र हो । 'रा'को अर्थ विश्व, संसार हो भने 'म' को अर्थ ईश्वर अर्थात् संसार बनाउने, संसार चलाउने, संसारलाई शासन गर्ने भन्ने हो । वेदमा भनिएको छ कि एक भगवान छ जसले संसार सृष्टि गर्छ, रक्षा गर्छ र सृष्टिको संहार गर्छ । यतो वा इमानी भूतानी जायन्ते येन जातानि जीवन्ति । यत्प्रयन्त्यभिसंविशन्ति । तद्विजिज्ञासस्व । तद् ब्रह्म । श्रीमद् भागवतको पहिलो श्वलोकले पनि यही भनेको छ । जन्माद्यस्य यतोऽन्वयादितरत श्चार्थेष्वभिज्ञ: स्वराट् । हामी हिन्दूहरु रामलाई बिष्णुको सातौ अवतार र कृष्णलाई आठौ अवतार भन्ने गरेका छौं ।

जुनसुकै अवतारका बीच कुनै भेद गर्नु अज्ञानता हो । तर राम र कृष्ण स्वयं सर्वेश्वर ब्रह्म अवतार हुन भन्ने मान्यता रहेको छ । उनै राम हुन, उनै कृष्ण हुन । त्रेता र द्वापर अनि मनुष्य रुप धारण गर्नुको कारणको भूमिका मात्र फरक हो । सजिलोका लागि संसारिक जीवनका उदाहरणबाट बुझौं । जस्तो कि निजामति सेवाको प्रशासन सेवाको राजपत्रांकित प्रथम श्रेणिको कुनै अफिसर जिल्लामा खटियो भने सिडिओ, महानगरपालिकामा खटियो भने प्रमुख प्रशासकीय अधिकृत, प्रदेश सरकार अन्तरगत भए सचिव, विभागमा भए महानिर्देशक र संघको मन्त्रालयमा भए महाशाखा प्रमुख भन्छौं । जबकि उसको पद सहसचिव नै हो । मान्छे उही भूमिका कति फरक । दुईटा मानिस त होइन नि । राम र कृष्णमा भेद गर्नु अज्ञानता हो । बिष्णु, शंकर, ब्रह्माले शक्ति पाउने भनेको ब्रह्मबाट हो । ब्रह्म स्वयं सृष्टिस्थती, संहार गर्दैनन् । उनको इशारामा ब्रह्मा, बिष्णु र शंकरले काम फत्ते गर्दछन । ब्रह्माण्ड अर्थात् भगवानका लोक अनन्त छन् । हरेक ब्रह्माण्डमा एक ब्रह्मा, एक क्षीरोदशायी महाबिष्णु तथा एक शंकर नायकका रुपमा हुन्छन् जो भगवानका स्व अंश हुन । मनुष्य र चराचर जीव भगवानका विभिन्न अंश हुन् । भगवानले एक दृष्टिबाटै आफ्नो एक कलाले 'कारणार्णवशायी महाविष्णु प्रकट गर्दछन् । कारणार्णवशायी महाविष्णुले असंख्य तथा प्रत्येक ब्राह्मण्डमा एक गर्भोदशायी महाविष्णुलाई प्रकट गर्दछन् । प्रत्येक गर्भोदशायी महाविष्णुबाट एउटा दिव्य कमल उत्पन्न भई त्यस कमलमा ब्रह्मा उत्पन्न र साथ साथै क्षीरोदशायी महाविष्णु तथा भगवान शंकर पनि उत्पन्न हुन्न्छन् । त्रिदेवले हरेक ब्रह्माणमा सृष्टि, पालन तथा संहार गर्दछन् । क्षीरोदशायी महाविष्णुले अनन्तकोटि ब्रह्माण्का अनन्त जीवका प्रत्येक समयका संकल्प (कर्म) को टिपोट गर्दछन् र त्यसको आधारमा फल दिन्छन् । अर्थात् जीवनमा धन, पद,प्रतिष्ठा, आयु, सफलता, असफलता, सुख, दुखको मात्रा र अवधि दिन्छन् । पुनर्जन्ममा कुन जुनी पाउने भन्ने उनैले निर्धारण गर्छन् । कुनै पनि जीवले क्षीरोदशायीबाट कुनै कर्म गोप्य गर्न सक्दैन । किनकि उनैले जीवमा प्राण, बुद्धिमा ज्ञान, मनमा चिन्तन शक्ति, ईन्द्रियहरुमा कर्म गर्ने शक्ति प्रदान गर्दछन् ।

संसारमा कुनै पनि त्यस्तो प्राणी छैन जो रामको भक्त नहोस् । लोके नहि: विद्येत यो न राम मनुव्रत:। (वाल्मीकि रामायण अयोध्याकाण्ड) वाल्मीकी रामायण भगवानले राम स्वरुप धारण गरेर पृथ्वीमा आउनु पहिल्यै लेखिएको हो । उनले के गरेका थिए भन्ने कथा होइन कि के गर्न आउदै छन् भन्ने सन्देश हो । यस्ता सर्बशक्तिमानले सुनको मृगका पछि किन लागे, वनबास किन भयो यो सबै लिला मनुष्यलाई ज्ञान दिनका लागि हो । मनुष्य भए पछि के के आइपर्छ, गर्नु पर्ने कर्तव्य के हो बुझ्न र भगवत मिलन गर्न सकुन भनेर हो । वाल्मीकि रामायणको युद्धकाण्डमा रामले सुग्रिवलाई भनेको एक प्रसंग छ । हतियार विना नै मेरो एक इच्छाले अनन्तकोटि ब्राह्मण्डका राक्षस मर्दछन् । म त के लक्ष्मणले नै एक सेकेण्डमा सबैलाई मार्न सक्छन् । जग महुं शखा निशाचर जेते । लक्षिमन हनइ निमिष महं तेते । मनुष्यले समाज, मातृभूमि, माता, पिता, भाईवन्धु, पति, पत्नी प्रति गर्नु पर्ने कर्तव्य सिकुन् भनेर अवतार लिएको हु, सामान्य मान्छेले जस्तै व्यवहार गरेको छु, भगवानको स्वरुप प्रकट गरेको छैन । मनुष्य मात्र होइन कि पशुपंक्षी, किटपतंङ, सारा चराचर जीव आनन्द चाहान्छन् । आनन्द भनेको भगवान हो । जुन एक पटक मिले पछि सदा बढि रहन्छ, ह्रास हुँदैन। जबकि संसारिक पदार्थ, वस्तु वा सम्बन्ध स्वार्थपूर्ण हुन्छ । उपयोग गर्ना साथ घट्दै जान्छ । तिर्खाएकोले अलिकति पानी पिएपछि पिइरहँदैन, भोकाएकाले खाना खाएर अघाए पछि लगातार खाइरहन सक्दैन, आनन्द हुन्छ भनेर मादक पदार्थ आदि सेवन गर्नेलाई पछि प्रतिकूल असर गर्छ । तर भगवान एक पटक मिल्यो भने जीवन सार्थक बन्छ, त्यो आनन्द थपिदै रहन्छ । हरेक जीव ईश्वरको विभिन्न अंश हो । पूर्ण अंशसंग मिलनको लागि छट्पटिइ रहन्छ । तर भ्रममा परेर धन दलौत, पदको प्रतिष्ठा, पदार्थको रस्वादन, ईन्द्रिय र कर्मेन्द्रियको विलासमा आनन्द खोजेर नासवान मार्गमा भटकि रहन्छ । भगवत प्राप्ति मनुष्यले मात्र गर्न सक्दछ, अरु जीव यति सम्म कि देवताले पनि प्राप्त गर्न सक्दैन । स्वर्गको फल देवता हुनु हो । त्यसैले स्वर्गको कामना गर्नु प्रमुढा (महामुर्खता) हो भनेको छ वेदले । देवताले पनि मनुष्य जुनिको कामना गर्दै भगवानको भक्ति गरेर भगवत मिलनको चाहना गर्दछन् । भगवान नाममा बास गर्दछ । त्यसैले भगवानको नामको ठुलो महिमा छ । आनन्दो ब्रह्मेति व्यजानात् । अर्थात् आनन्दको पर्यायवाची भगवान हो । 'राम' 'कृष्ण' नाममा कलियुगमा भगवानले बास गर्दछन् । मूर्तिमा बास गर्दछन् । तर नाम लिदा, दर्शन गर्दा भावनायुक्त हुनु पर्दछ । जसरी जुरिस्प्डेन्सको सिद्धान्त अनुसार न्यामूर्तिले कुनै व्यक्तिमाथि लागेको अभियोगमा त्यो अभियुक्तको अपराध गर्ने मनसाय रहे नरहेको सुनुवाइको क्रममा परख गर्छन, भगवानले पनि रामनाम त्यसै मुखले भजेको छ कि, भजन गलाले गाएको छ कि, रमाइलोको लागि कृतन गरेको छ कि भावना अभिलेख गर्दछन् । शरिरका इन्द्रियले, भौतिक पदार्थ र द्रव्यले गरेको भजन र पुजाको फल जिरो बराबर हो । मनको समर्पण, श्रद्धा, विश्वासको मात्र गणना हुन्छ ।

जसको बराबर कोहि छैन, जो भन्दा सर्बशक्तिमान कोहि छैन, त्यस्ता छन् भगवान ब्रह्म । जसकोद्वारा संसारको उत्पत्ति, रक्षा र जसमा संसारको लय हुन्छ, उनको एक दृष्टिमात्रले सृष्टि र महाप्रलय हुन्छ र समस्त ब्रह्माण्ड उनैमा लय हुन्छ । श्रीरामपूर्वतापिन्युपनिषद्ले रामको अर्थ यस्तो लेखेको छ :

*रमन्ते योगिनोऽनन्ते नित्यानन्दे चिदात्मनि ।*
*इति रामपदेनासौ परं ब्रह्माभिधीयते ।*

अर्थात् जो सत् चित् आनन्द पूर्णतम पुरूसोत्तम ब्रम्ह छन् उनै राम हुन । राम त्वं परमात्मासि सच्चिदानन्दविग्रह :। भनेको छ मुक्तिको पनिषद्ले। राम एव परं ब्रह्म राम एव परं तप :। राम एव परं तत्त्वं श्रीरामो म तारकम् भनेर रामरहस्योपनिषद्ले संवोधन गरेको छ । एवको अर्थ नै भन्ने बुझ्नु पर्दछ । अध्यात्म रामायणले रामं विद्धि परं ब्रह्म भनेको छ । एक वेदका चारवेद, चार उपवेद, छ वेदान्त, उपनिषधहरु, पाँचौ वेदको रुपमा रहेका पुराणहरु सबैले राम र कृष्णलाई सर्वेश्वर भगवान भनेर पुकार गरेका छन् । पहिले वेदका १०३० शाखा थिए रे अहिले १५ शाखा मात्र अस्तित्वमा छन् । रामचरितमानसमा रामको अनेक स्तुति छन् । त्वदंघ्रि मूल ये नरा:, भजंति हीन मत्सरा: । पतंति नो भवार्णवे, वितर्क वीचि संकुले । हे प्रभु ! जो मनुष्य ईष्या रहित भावले हजुरका चरण कमलको निरन्तर स्मरण गर्छ, उसले जन्म मरणको भव सागरबाट पार पाउँछ, पुनर्जन्मको बन्धनबाट मोक्ष पाउँछ । कलियुगको प्रारम्भदेखि अहिले सम्म भगवानका दुतका रुपमा विभिन्न मुनि, सन्तमहात्महरुले मनुष्यको उद्धारका लागि अथक प्रयास गरेको मान्यता छ । आदि जगद् गुरू शंकराचार्य, जगद् गुरू रामानुजाचार्य, निम्वार्काचार्य, माध्वाचार्या जगद् गुरू हरुले तत् तत् समय अनुकुल मार्ग र दर्शन प्रतिपादन गरि मनुष्य कल्याणका लागि मार्ग दर्शाउनु भएको छ । गौराङ्ग महाप्रभुले भगवत महिमाका गाथा वताएर जानु भएको छ । भगवानको धाम पाउन श्रोतिय ब्रह्मनिषठ अर्थात जसले जन्मदै शास्त्र वेद जानेको परमहर्ष होस र भगवानको दर्शन गरि सकेको होस् त्यस्ता गुरूले वताए अनुसार भगवानका रुप, लिला, गुण, धामको श्रवण, कीर्तन र स्मरण गर्नु पर्दछ । अद्वैतवादी शंकराचार्य, विशिष्टा द्वैतावादी रामानुजाचार्य, द्वैताद्वैतवादी निम्बार्काचार्य, द्वैतावादी माध्वाचार्यले प्रतिपादन गरेका दर्शनलाई समन्वय गरेका ५०० शीर्षस्थ शास्त्रज्ञ तत्कालीन काशी विद्वत परिषत् ले जगद् गुरूमा पनि उत्तम पदले विभूषित, श्रीमत्पदवाक्यप्रमाणपारावारीण, वेदमार्ग प्रतिष्ठापनाचार्य, निखिल दर्शनसमन्वयाचार्य, सनातन वैदिक धर्म प्रतिष्ठापन सत्संप्रदायपरमाचार्य, भक्तियोगरसावतार, भगवदन्नत श्रीविभूषित जगद् गुरू १००८ स्वामि श्री कृपालु महाराजले रामलाई सर्वद्रष्टा, सर्वनियन्ता, सर्वसाक्षी, सर्वसुहत, सर्वेश्वर, सर्वशक्तिमान्, आत्माराम, पूर्णकाम परम निष्काम, योगिन्द्र, मुनिन्द्र, परमहंसों, भन्दा पनि आराध्य एक अद्वितीय सुप्रीम पावर भनेर वेद शास्त्रको आाधारमा वर्णन गर्नु भएको पाइन्छ । प्रविधि र सामाग्री त हामी नयां भर्सन, ताजा खोज्छौ भने भगवत दर्शनमा किन अवलम्वन नगर्ने ? वेद शास्त्र मनुष्यले पढेर सहि रुपमा बुझ्नै सक्दैन । कृपालुको भक्तियोग तत्वदर्शन अर्थात उहाँले रचना गर्नु भएका प्रेम रस सिद्धान्त, प्रेम रस मदिरा, राधा गोविन्द गीत, भक्ति शतक अहिलेको कलिकालमा संपूर्ण वेद, शास्त्र सरह नै छन् । मानौ कि कुनै चित्रकारले अगाडि रहेको चिज वस्तु हेरेर दुरूस्त चीत्र कोरेको तस्विर हुवहु हुन्छ, त्यस्तै गरी उहाँका प्रवचन र रचनामा उहाँले भगवानलाई हेर्दै वर्णन गर्नु भएको अनुभूति गर्न सकिन्छ । यो अज्ञानी, कलिमलग्रस्त, अल्पज्ञले उहाकै प्रवचन, रचना, प्रकासन पढेर, सुनेर भगवानका विषयमा यति लेख्ने धृष्टता गरेको छु । यो मेरो सामर्थको विषय नै होइन । उहाँको विषय अगम्य छन् । अनेक त्रुटि र कमजोरीका लागि क्षमा चाहान्छु । जय श्री राम । राम नवमी २०८१ को सबैमा हार्दिक शुभकामना !

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : क्षमता प्रदर्शन गर्ने क्रममा पदोन्नतिको ढोका खोलिनेछ । | **तुला** : अभिभावकको सुझावले उचाइमा पुऱ्याउन सहयोग गर्नेछ । |
| **वृष** : आज धार्मिक यात्राको योग छ । आतिथ्यपूर्ण सम्मान पाइएला । | **वृश्चिक** : सद्विचारले अभिप्रेरित हुनेहरूलाई विस्तारै लाभ हुनेछ । |
| **मिथुन** : आज कार्यमा अवरोधका र स्वास्थ्यमा पनि प्रतिकूलता रहने देखिन्छ । | **धनु** : नजिकको व्यक्तिबाट धोका मिल्नसक्छ सचेत रहनुहोला । |
| **कर्कट** : आज लक्ष्मी प्रसन्न हुने योग छ । महत्वपूर्ण कामको थालनी हुनेछ । | **मकर** : सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । नयाँ काम सुरु गर्ने समय पनि छ । |
| **सिंह** : धार्मिक कार्य सफल रहनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **कुम्भ** : बौद्धिक काममा सफलता मिल्नेछ । प्रेम सम्बन्ध कसिलो होला । |
| **कन्या** : प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ । | **मीन** : शुभकार्यको चर्चा चल्नेछ । काम देखाएर अरुको मन लोभ्याउन सकिनेछ । |



# दर्शक भेट्न मोफसल निस्किए दयाहाङ र आँचल

नयाँ वर्षको अवसर पारेर प्रदर्शनमा आएको फिल्म 'डिग्री माइला'ले बक्सअफिसमा राम्रो व्यवसाय गरिरहेको छ । मंगलबार राम नवमीको बिदा भएकाले पनि फिल्मको व्यवसाय अझै राम्रो हुने अनुमान गरिएको छ । प्रदर्शनको सुरुको दिन देखिनै यसका कलाकार दयाहाङ राई, आँचल शर्मा, विजय बराल लगायत उपत्यकाको विभिन्न हलमा पुगेर दर्शक प्रतिक्रिया लिइरहेका छन् ।



यसैबिच दयाहाङ राई, आँचल शर्मा, विजय बराललगायत फिल्म युनिट दर्शक भेट्न पूर्व प्रस्थान गरेका छन् । उनीहरुले विराटनगर, इटहरी, धरान र बिर्तामोडका हलमा पुगेर दर्शकसँग साक्षात्कार गर्ने कार्यक्रम रहेको छ । रामबाबु गुरुङ निर्देशित फिल्ममा बुद्धि तामाङ, प्रकाश घिमिरे, कमलमणि नेपाल, अनिल सुब्बा, माओत्से गुरुङलगायतको अभिनय छ । फिल्मका निर्माता विशाल गुरुङ, मणिराम पोखरेल, मधु मिजार र सुष्मा गुरुङ हुन् । एक शिक्षित बेरोजगारको कथामा बनेको हो । यस अगाडि यो कथा नाटकमा समेत मञ्चन भएको थियो । जसको निर्देशन दयाहाङ राईले गरेका थिए ।

*-रातोपाटी डटकम*

# युट्यूबर मिस्टर बिस्टले गरे नेपाली अस्पताल मर्मत

विश्वभर युट्युबमा सबैभन्दा धेरै सब्सक्राइबर भएका सेलिब्रेटी युट्युबर मिस्टर बिस्टले नेपालको एक अस्पतालको मर्मतसम्भार गर्दै नयाँ जीवन दिएका छन् । डिसेम्बरमा उनको टिम नेपाल आइपुगेको थियो । बिस्टले नयाँ भिडियो सार्वजनिक गर्दै आफ्नो टिमले सिन्धुलीको फिक्कल गाउँपालिकास्थित अस्पतालको मर्मत गरेकोबारे जानकारी दिएका छन् । भिडियोमा जाडो र औषधोपचारको अभावमा बच्चा गुमाएकी स्थानीय महिला नीराको मर्मस्पर्शी कथा देखाइएको छ ।



निर्माणाधीन अस्पताल र स्वास्थ्यकर्मीलाई पनि देखाइएको छ । बिस्टको समूह र 'गिभ पावर' नामक सामाजिक संस्थाले उक्त अस्पतालको मर्मत कार्य अघि बढाएको पनि देखिन्छ । बायोमेडिकल इन्जिनियर सञ्जबहादुर सिंह ठकुरीसँग मिलेर उनीहरुले मर्मतको काम अघि बढाएको देखाइएको छ । उक्त अस्पतालमा प्रसूति सेवा पनि उपलब्ध हुने उल्लेख छ । ड्यारेन मार्गोलिस नामक बिस्टको टिमका एक सदस्यले नेपालको हिमाली क्षेत्रमा पाइने लोकल चियाको प्रशंसा गरेका छन् । त्यसपछि मिस्टर बिस्टको टिमले सोलार प्यानल बिछ्याउँछ । १० थान 'बेबी वार्मर डिभाइस' पनि उपलब्ध गराइएको छ । बेवारिसे अस्पताललाई सुविधासम्पन्न अस्पतालमा रुपान्तरण गरेको दृश्य भिडियोमा छ । यो अस्पतालबाट १६ हजार मानिस लाभान्वित हुने भनिएको छ । भिडियोमा गाउँको अस्पतालमा गाउँले भेला भएर पहिलोपटक बत्ती बलेको दृश्य पनि देखाइएको छ ।

*-अनलाइन खबर डटकम*

# 'रङ्गेली' निर्देशकले 'सोल्टिनी' बनाउने

अर्जुन सुवेदीले गत वर्षको फागुनमा रिलिज भएको ग्याङस्टार फिल्म 'रङ्गेली'बाट निर्देशनमा डेब्यू गरेका हुन् । फिल्म व्यावसायिक रुपमा असफल भए पनि उनको कथावाचन शैली र क्षमताको समीक्षकले प्रशंसा गरेका थिए । पहिलो फिल्मबाटै निर्देशनमा राम्रो सम्भावना देखाएका उनी अब अर्को फिल्मको तयारीमा जुटेका छन् । उनले दोस्रो फिल्म लभस्टोरी कथामा बनाउन लागेका हुन् ।



फिल्मको शीर्षक 'सोल्टिनी' जुराएको छ । निर्देशक सुवेदीका अनुसार, चलचित्र विकास बोर्डमा नाम दर्ता भइसकेको छ । फिल्म अन्तरजातीय प्रेमकथामा बन्ने उनको भनाई छ । आगामी साता पोस्टरमार्फत् फिल्मको घोषणा गरिने उनले बताए । छायांकन भने आगामी मंसिर ११ गतेबाट पूर्वी जिल्लामा हुने उनले जानकारी गराए । फिल्मलाई 'रङ्गेली'कै निर्माण समूहले बनाउन लागेको हो । आगामी वर्ष २०८२ को तीजमा फिल्म प्रदर्शन गर्ने तयारी गरिएको छ । फिल्मका लागि कलाकारहरु भने निश्चित हुन बाँकी रहेको निर्देशक सुवेदीले बताए । उनले यसअघि दुई सर्ट फिल्म 'लभ एट फर्स्ट साईट' र 'हु आई एम'को निर्देशन गरेका थिए । लामो समयदेखि अमेरिकामा बस्दै आएका उनले त्यहाँ नेपाली फिल्मको वितरण र सांगीतिक कार्यक्रमको आयोजना पनि गर्दै आइरहेका छन् ।

*-फिल्मी खबर डटकम*

# लाहुरे हुन भारत गएका भूपू कसरी बने 'भाइरल' गीतका गायक ?

**सुशिल नेपाल :**



एकसाथ दुइवटा गीत सुटिङका लागि गृहजिल्ला दाङ जाने तयारीमा थिए गायक भूपू पाण्डे । राम्रो र नयाँ दृश्का लोभमा उनी आफ्ना प्रायः गीतको भिडिओ काठमाडौं बाहिर खिच्दै आएका छन् । नयाँ गीतको भिडिओका लागि उनले आफ्नो डेडलक कपाल काट्नुपर्ने थियो । उनले सोचे – केही वर्ष लगाएर पालेको कपाल काटिँदैछ । यसको सम्झनाका लागि एउटा गीतको नयाँ भिडिओ बनाउँछु । गीत तयार त थिएन । उनी केही फुर्‍यो भने आफ्नो डायरीमा टिपोट गरिहाल्छन् । उनले सुहाउँदो गीत छ कि भनेर डायरीका पाना पल्टाए ।

त्यहाँ लेखेको भेटे –

*फूल फुलेर के गर्नु भीरैभीरमा छ*
*जिन्दगी चल्न त चल्या छ, पिरै पिरमा छ ।*

यो उनले एक वर्षअघि लेखेका रहेछन् ।

'पहिले त्यो गीत त्यत्तिकै छाडेको थिएँ । अहिलेको अवस्थामा सान्दर्भिक हुने लाग्यो । त्यसपछि दुई दिन लगाएर टुक्का बनाएँ,' भूपूले सम्झिए । शब्द लेखिसकेपछि डमी तयार पारेर रेकर्ड नगरी उनी सुटिङका लागि निस्किए । दाङ पुगेर पहिले यही गीत खिचे । केही दिनपछि काठमाडौं फर्के गीत रेकर्ड गराए । जब गीत सार्वजनिक गरे, छोटो समयमै चर्चा भयो, सर्वत्र घन्कियो । अहिलेसम्म युट्युबमा यो गीत ७५ लाखभन्दा बढीले हेरिसकेका छन् । टिकटक, फेसबुक, इन्स्टा रिल्सतिरको चर्चा छुट्टै छ । यो गीतबाट आफूले सोचेभन्दा धेरै माया पाएको भूपू सुनाउँछन् । 'युवाहरूको कथा-व्यथा समेटिएको, हाम्रो माटोकै सुगन्ध बोकेको गीत भएकाले केही हदसम्म रूचाइएला भन्ने आशा थियो,' उनले खुसी साट्दै भने, 'तर यति धेरै रूचाइएला भन्ने सोचेकै थिइनँ ।' भूपूको गीतमा बेरोजगारीको कुरा छ । वैदेशिक रोजगारीको कुरा छ । युवाहरूको 'फ्रस्टेसन्' को कुरा छ । सायद धेरैले गीतलाई आफ्नै अनुभूतिजस्तो मानेकाले पनि रूचाइएको जस्तो लाग्छ उनलाई । 'पिरै पिर ' चर्चामा रहँदा कतिपयलाई यसको मेलोडी उनकै अघिल्लो गीत 'जाँदा जाँदै बन्दीपुर पुग्यो' सँग मिलेको पनि लाग्न सक्छ । भूपू पनि यो कुरा स्वीकार गर्छन् । खासमा उनले 'जाँदा जाँदै बन्दीपुर पुग्यो' भन्दा अगाडि लोक शैलीमा रहेर त्यति काम गरेका थिएनन्। यो गीत निकै रूचाइयो । भूपूकै भनाइमा आफ्नो गीतलाई लिएर 'भाइरल' भन्ने शब्द उनले पहिलोपटक सुनेका थिए । उक्त गीतपछि लोक शैलीका गीतहरुतर्फ आफू आकर्षित भएको उनी बताउँछन् । उक्त गीतमा आफैले अडिओको काम गरेकाले पनि अहिले 'पिरै पिर' मा त्यसको केही प्रभाव देखिएको हुनसक्ने उनले सुनाए । भूपूले सांगीतिक क्षेत्रमा संघर्ष गरेको दुई दशक हुन लाग्यो । संगीत उनको बाल्यकालीन सपना भने थिएन । दाङको देउखुरीमा सामान्य किसान परिवारमा जन्मिएका उनी सानैदेखि फिल्म भनेपछि हुरूक्कै हुन्थे । कतिसम्म मोह भने, स्कुल जाँदा किताब खोला छेउको बालुवामा पुर्थे । पछि भेट्टाउन सजिलो होस् भनेर सानो दाउरा वा केही कुरा चिह्नका रूपमा राख्थे र फिल्म हेर्न हल पुग्थे । साँझ साथीहरू स्कुलबाट फर्किँदा उनीहरूकै हुलमा मिसिएर घर फर्किन्थे । उनको गाउँबाट भारत आउजाउ बढ्दो थियो । कोही गाउँले दाइहरूले उनलाई भने – तँलाई फिल्ममा रूचि छ । इन्डियामा २१ इन्चको ठूलो टिभीमा छानी छानी फिल्म हेर्न पाइन्छ । रमाइलो हुन्छ । राम्रा राम्रा कपडा पाइन्छ । पैसा पनि कमाइन्छ । पछि हिरो बनेर आउने, जाऔं, हिंड्' फिल्मप्रतिको मोहले होला, उनी बहकाउमा लागे । भूपूले त्यो समय सम्झिए, '१२ वर्षको थिएँ । कक्षा ६ मा पढ्दै थिएँ । स्कुल छाडेर, घरबाट बुबाको पैसा चोरेर इन्डिया हानिएँ ।' उनी लाहुरे बन्न भारत गएका थिए । पैसा कमाउन गएका थिए । फिल्म हेर्न पाइन्छ भनेर गएका थिए । नयाँ दिल्ली पुगेको केही दिनपछि उनलाई एक जनाले घरमा लिएर गए । बालख भूपूको दैनिकी तरकारी लिन जाने, घर सरसफाइ गर्ने, भाँडा माझ्ने भयो । उनले केही मेसो पाउन सकेका थिएनन् । एकदिन जब भाँडा फुटाएको निहुँमा झापड खाए, अनि पो थाहा पाए, उनी त अर्काको घरमा काम गर्न गएका रहेछन् । तर उनले त्यसरी धेरै समय काम गर्नुपरेन । आमाले जसोतसो घर फिकाइन् । स्कुल भर्ना गरिदिइन् । तर त्यस बेला पनि भूपूले पढाइमा ध्यान दिएनन् । त्यसपछि भने घर सल्लाहमै उनी आफन्तसँग फेरि भारत लागे । तर यसपालि आफन्तसँगको एउटा घटनाले उनको मनमा साह्रै चोट पर्‍यो । अनि भने घर फर्किएर पढ्छु भन्ने इख उनमा पलायो । 'फर्किएर फेरि कक्षा ६ मा भर्ना भएर पढ्न थालें । त्यसपछि कहिल्यै फेल भइनँ,' भूपू सम्झिन्छन् । यसपछि नै हो संगीततर्फ उनको रहर मोडिएको पनि । उनलाई कक्षा ७ मा पढ्दा स्कुलको कार्यक्रममा पहिलोपटक गीत गाएको अहिले पनि याद छ । त्यस बेला शिक्षकले आएर धाप मार्दै भनेकी थिइन् – राम्रो गाउने रहेछस् त । अब फेरि फेरि पनि गाउनुपर्छ है ! 'त्यसपछि गायनप्रति रूचि अंकुराउँदै गयो । गाउने जोस बढ्दै गयो,' उनले भने, 'स्कुलमा शिक्षक नआउँदा वा खाली समयमा साथीहरूले पनि गीत गाउन आग्रह गर्न थाले ।' २०६२ सालमा एलएलसी पास गरेपछि बुबाले दिएको दस हजार रूपैयाँ लिएर भूपू पहिलोपटक काठमाडौं आए । त्यति बेला उनीसँग दुइटा सपना थिए- फिल्ममा गाउँछु कि फिल्म खेल्छु । फिल्ममा उनलाई हिरो नभएर चरित्र अभिनेता बन्ने मन थियो । हिरोमा आफूलाई कसैले लिँदैनन् भन्ने उनलाई लाग्थ्यो रे ! काठमाडौं आएपछि उनले बबरमहलमा डेरा जमाए । रत्नराज्य 'आरआर' क्लेजमा संगीत पढ्न थाले । आइए 'प्लस-टु सरह' पढ्दासम्म खर्च घरबाट बुबाले पठाइदिन्थे । पछि उनलाई आफैं कमाउन थाल्नुपर्छ भन्ने लाग्यो । संगीतमा स्नातक पढ्न थालेसँगै उनी बाद्यवादन सिक्नतर्फ लागे । ड्रम प्याड बजाउन सिके । दोहोरी साँझमा मादल बजाउन थाले । क्यासिनोमा म्युजिसियन भएर पनि काम गरे । धार्मिक कार्यक्रममा ड्रम प्याड बजाउने काम गरे । ६-७ वर्ष भजनमा समय बिताए । संगीतमै स्नातकोत्तर भर्ना हुँदासम्म पनि उनले गीत ल्याउन भने हतार गरेनन् । संगीत सिक्ने र संगीतको ज्ञान लिनमै वर्षौं खर्चिएपछि बल्ल गीत रेकर्ड गराए । भजनमा धेरै वर्ष बिताएकाले उनले सांगीतिक करिअर भजन एल्बमबाटै सुरू गरे । सरस्वती बन्दना भजन रेकर्ड गराए पनि सार्वजनिक गरेनन् । त्यसको केही महिनापछि सातवटा भजन समेटेर पहिलो एल्बम 'मोक्षपथ' ल्याए । यो दस वर्ष अगाडिको कुरा हो । यसको दुई वर्षपछि उनले पहिलो कमर्सियल एल्बम 'मायावी' सार्वजनिक गरे । यसमा समावेश 'चम्पा' बोलको गीतले उनलाई केही हदसम्म चिनाउने प्रयास गर्‍यो । त्यसपछि 'छाता बोकी लैजाऊ' बोलको, नाच्ने शैलीको गीत ल्याए । यो पनि केही हदसम्म रूचाइयो । यसपछि पनि निरन्तर केही गीतहरू ल्याए, तर अपेक्षित चलेनन् । कोरानाकालको पहिलो लकडाउनमा उनले नयाँ गीत ल्याए-

*छोटो छ जिन्दगी फोटो खिचेर राख*
*छिट्टै फर्की आउँछु म, मुटु थिचेर राख*

यो गीतका लागि भूपूले निकै मेहनत गरेका थिए । भारतको राजस्थान र नेपालको अछाम पुगेर भिडिओ बनाएका थिए । समय पनि धेरै लगाएका थिए । गीत मेहनत अनुसारकै चल्यो । 'संगीतमा निकै वर्ष बिताएको थिएँ । यो गीत आएपछि मलाई संगीतमा लय समाल्न अलिकति सजिलो भयो,' भूपूले भने, 'बौद्धिक वर्ग, मौलिक संगीतलाई माया गर्ने स्रोता-दर्शकमाझ यो गीतले मलाई चिनायो ।' यो गीतले सांगीतिक क्षेत्रमा केही गर्न सक्छु भन्ने आत्मविश्वास पनि बढाएको उनले बताए । यसपछि उनले ल्याएको गीत भने उनलाई भाइरल नै बनाइदियो – जाँदा जाँदै बन्दीपुर पुग्यो ! यसले उनमा थप हौसला थप्यो । अहिले 'पिरै पिर' बाट पनि उनले तारिफ बटुलिरहेका छन् । उनलाई चिन्नेहरू पनि बढेका छन् । 'भूपू पाण्डे भनेर चिनाउन १८ वर्ष लाग्यो । मलाई कसैले चिन्दैन थियो । यत्तिकै हिँडिरहेको हुन्थें । अहिले धेरथोरले चिन्न थालेका छन् । तरकारी किन्न जाँदा पनि गीत गाइदिनुहोस् न भन्छन्,' उनले हाँस्दै भने, 'अगाडिको यात्राका लागि अलिकति सहज भएको महसुस भइरहेको छ ।' शास्त्रीय संगीतमा स्नातकोत्तर पढिसकेका भूपूले ६० वटाभन्दा बढी गीतमा स्वर दिएका छन् । एक सयभन्दा बढी गीत कम्पोज गरेका छन् । प्रमोद खरेल, शिव परियारदेखि मेलिना राई, अस्मिता अधिकारी, रचना रिमालसम्मले उनको कम्पोजमा गीत गाएका छन् । भूपूका गीतमा पीडाका कुराहरू बढी पाइन्छ । युवाका कथाहरू पाइन्छ । अझ वैदेशिक रोजगारीका दुःख बढी भेटिन्छ । उनका चलेका गीतहरू 'छोटो छ जिन्दगी' देखि 'पिरै पिर' सम्म यिनै कुरा महसुस गर्न पाइन्छ । आफूले बाल्यकालमै भारतमा नेपालीहरूको जीवनशैली नजिकबाट देखेकाले पनि यस्ता गीत बनाउन र गाउन मन लाग्ने भूपू बताउँछन् । आगामी दिनमा पनि उनले यस्ता गीतलाई निरन्तरता दिनेछन् । 'तर लोक शैलीमा ढल्किने सोच छ । बजारमा आइरहेका जस्ता लोक गीत होइन, अलिकति फरक स्वाद दिने कोसिस गर्नेछु,' उनले भने । संगीतमा जम्दै गएका भूपूको फिल्ममा खेल्ने रहर अझै मासिएको छैन । त्यसैले पनि होला, भूपू आफ्ना गीतका भिडिओमा भिजेर अभिनय गरिरहेका हुन्छन् ।

*-सेतोपाटी डटकम*

# रिब्दीकोटमा प्राङ्गारिक मल कारखाना निर्माण हुँदै



**पाल्पा,** वैशाख ४/जिल्लाको रिब्दीकोट गाउँपालिकाको-५ को नयाँटोलमा प्राङ्गारिक मल कारखाना निमार्ण शुरु भएको छ । मल कारखानाको गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्कीले विधिवत रुपमा पुजापाठ गरी शिलन्यास गरेका छन् । जलेश्वर बहुउद्देश्यीय सहकारी संस्थाको आयोजनामा गाउँपालिकाको आर्थिक सहयोगमा मल कारखानाको पूर्वाधार निर्माणको काम शुरु भएको छ ।

पालिकाभरी सबै किसिमको कृषि उत्पादन बढाउन, बाँझो भएका जमिनहरुलाई हराभरा बनाउन, स्वदेशमै रोजगारी सिर्जना गर्न, मानिस स्वस्थ निरोगी बनाउँदै देशलाई आर्थिकरुपमा बलियो बनाउने अभियानका साथ पालिकाको सहयोगमा मल कारखाना सञ्चालन गर्न लागिएको अध्यक्ष नारायणबहादुर कार्कीले जानकारी दिए । 'म बनाउछु मेरो रिब्दीकोट' अभियान अन्तर्गत पालिकाभित्र मल कारखाना बनाउने तिव्र इच्छा थियो, जुन आजबाट शुरुवात भएको छ, यो असार मसान्त भित्र सञ्चालनमा आउने र असार, साउन बाटै मल विक्री गर्ने अभियानका साथ काम द्रुत रुपमा गरिने पालिका अध्यक्ष कार्कीले बताए । मल कारखाना सञ्चालन भएपछि पहिलो उत्पादन बजार पठाउँदा ४५ लाख खर्च हुने भएतापनि पालिकाबाट पहिलो चरणमा १५ लाख विनियोजन गरेको अन्य रकम सहकारीले व्यवस्थापन गर्ने अध्यक्ष कार्कीले बताए । कारखाना स्थल पुगेकी पालिका उपाध्यक्ष कान्ता अधिकारीले अहिले रासायनिक तथा जैविक कुनै पनि मल किसानले भनेको समय नपाउदा प्रयाप्त मात्रामा उत्पादन नभएको अवस्थामा अर्गानिक उत्पादनको लागि पालिकाले जैविक मल कारखाना सञ्चालन गर्न लागेको बताइन् । अहिले व्यवसायिक कृषि गर्न खोजे पनि मलको अभाव भइरहेको अवस्थामा मल कारखाना सञ्चालनले ठूलो राहत मिल्ने उपाध्यक्ष अधिकारीले बताइन् ।

प्रमुख प्रशासकीय अधिकृत मणीप्रसाद खनालले रिब्दीकोटको पहिचान नै कृषि हो, कृषि उत्पादन स्वस्थ, गुणस्त बनाउन पालिकाले नै गत वर्षदेखि बजेट विनियोजन गरेको भएपनि यस बर्ष कार्यान्वयनमा आएको बताए । मल कारखानाबाट यस क्षेत्रमा उत्पादन बृद्धि हुने, स्थानीयले रोजगारी पाउने, प्रमुख प्रशासकीय अधिकृत खनालले बताए । पत्रकार यज्ञमुर्ति तिमिल्सीनाले जिल्लामै पहिलो पटक मल कारखाना सञ्चालन हुन लागेकाले यसले जिल्लाभरीका किसानहरुलाई फाईदा पुग्ने बताए । प्राङ्गारिक मल कारखानाका विज्ञ यमबहादुर दर्लामीले हाम्रा खेतबारीमा अर्गानिक उत्पादन बढाउन, मानिसलाई स्वस्थ्य निरोगी बनाउन, कृषि उत्पादन बढाउन, मरेको माटोलाई जगाउन, पाल्पामा पहिलो पटक प्राङ्गारिक मल कारखाना सञ्चालन गर्न लागिएको बताए । सरकारले अरवौंको रासायनिक मल खरिद गरेको छ तर पनि चाहेजस्तो उत्पादन हुन सकेको छैन । सरकारले पैसा तिरेर रोग निम्ताइरहेको छ सोही रासायनिक मलकै कारण अरवौं स्वास्थ्य क्षेत्रमा औषधी उपचार खचिर्नु पर्ने बाध्यतालाई कम गर्न यस्ता प्राङ्गारिक मल कारखानाले सहयोग पुग्ने विज्ञ दर्लामीले बताए ।

मल कालखानाबाट बार्षिक रुपमा २ सय ५० टन भन्दा जैविक मल उत्पादन गर्ने र विक्रि गर्ने योजना सहकारीको रहेको छ । मल कारखानाको शिलन्यास सहकारीका अध्यक्ष नारायणबहादुर लामटाङ्गेको अध्यक्षता र सचिव कृष्णबहादुर कुवँरको सञ्चालनमा भएको थियो । मल कारखानामा गाईभैसीको गोवर, स्थानीय झारपात, खसेका पात पतिङ्गर, हरिया घास तथा सेउला लगायत स्थानीय कच्चा पदार्थको प्रयोग गरिने छ । मल कारखानाको माध्यमबाट पालिका भित्रका हजारौ रोपनी बाँझो खेतबारी प्रयोगमा आउने विश्वास गाउँपालिकाले गरेको छ ।

# ग्वाघा स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा प्रारम्भ

**हाम्रा संवाददाता**



**गुल्मी,** वैशाख ४/जिल्लाको चन्द्रकोट गाउँपालिका-५ मा ग्वाघा स्वास्थ्य चौकीमा प्रयोगशाला (ल्याव) सेवा एक कार्यक्रमका बीच प्रारम्भ भएको छ । ग्वाघा स्वास्थ्य चौकी पश्चात गाउँपालिकामा ल्याव सेवा सञ्चालन भएका वडाहरुको संख्या पाँच पुगेको हो ।

पालिकाको शान्तिपुर स्वास्थ्य चौकी, तुराङ्ग स्वास्थ्य चौकी मजुवा, विशुखर्क स्वास्थ्य चौकीमा सञ्चालन भएको ल्याव सेवा गत आर्थिक वर्षमा वडा १ को दिब्रुङ्ग स्वास्थ्य चौकीमा स्थापना गरिएको थियो । चालू आव २०८०/८१ को बजेट कार्यक्रम अन्तर्गत वडा ५ को वडागत बजेट सिलिङ्गबाट रु ५ लाख बजेट विनियोजन गरी स्थापना गरिएको स्वास्थ्य प्रयोगशाला ल्यावमा गाउँपालिकाले ल्याव असिस्टेन्टको करार नियुक्ति गरी सेवा सञ्चालनमा ल्याएको हो ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष युवराज खत्री क्षत्रीले ल्याव सेवाको उद्घाटन गरेका हुन् । नागरिकहरुको सहज गुणस्तरीय स्वास्थ्यमा पहुँचको सुनिश्चितता गर्न गाउँपालिका सधैँ लागिपरेको र छिट्टै पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणाको तयारीमा रहेको र पालिकालाई शून्य होम डेलिभरी घोषणा गर्न तयारी भइरहेको समेत पालिका अध्यक्ष क्षत्रीले जानकारी दिए । स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष तथा वडाध्यक्ष पृथबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष विष्णुप्रसाद भण्डारी, निमित्त प्रमुख प्रशासकिय अधिकृत प्रकाशचन्द्र शर्मा, वडा ७ का वडाध्यक्ष अनन्तराम भण्डारी लगायतका अतिथिहरुको सहभागिता रहेको थियो । स्वास्थ्य चौकीबाट वडा भित्रका मात्र नभएर कालिगण्डकी र सत्यवतीका नागरिकहरुले समेत सेवा लिनसक्ने निवर्तमान वडाध्यक्ष टेकबहादुर पुन बताए । स्थास्थ्य चौकी स्थापना भएसँगै स्थानीयवासीहरु खुशी छाएको छ ।


## सन्तोष चलचित्र मन्दिरमा...




सन्तोष चलचित्र मन्दिर तानसेनमा भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ अत्याधिक दर्शकले मन पराएका कलाकार दयाहाङ राई, आचल शर्मा र बुद्धि तामाङको नेपाली चलचित्र **'डिग्री माइला'** ।

*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे*

***(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)***


## खेलकुद समाचार

# खुल्ला पुरुष भलिबलको उपाधि बौदीकालीलाई

**रामपुर (पाल्पा),** वैशाख ४/ अन्तरपालिकास्तरीय खुल्ला पुरुष भलिबल खेलको उपाधि बौदीकाली गाउँपालिका नवलपुरले हात पारेको छ । पाल्पाको निस्दी गाउँपालिकामा आयोजना भएको प्रतियोगिताको फाइनलमा चापाकोट नगरपालिका स्याङ्जालाई ३-० को सोझो सेटले हराउँदै बौदीकालीले उपाधि चुम्न सफल भएको छ ।

फाइनल खेलमा पहिलो, दोस्रो र तेस्रो सेट बौदीकालीले क्रमश: २५-२२, २५-१८ र २५-१४ जित्या । चापाकोट उपविजेता बन्दा घिरिङ गाउँपालिका तनहुँ तेस्रो भएको छ । निस्दी गाउँपालिकालाई २५-१३, २५-२२ र २८-२६ अंकसहित ३-० को सोझो सेटमा पराजित गर्दै घिरिङ तेस्रो भएको छ भने निस्दी गाउँपालिका चौथो भएको छ । उत्कृष्ट खेलाडी बौदीकाली गाउँपालिकाका विश्वास अधिकारी, उत्कृष्ट स्पाइकर बौदीकाली गाउँपालिकाका अशोक श्रेष्ठ, उत्कृष्ट सेटर बौदीकालीका दानबहादुर गाहा, उत्कृष्ट डिफेण्डर चापाकोट नगरपालिकाका राजन दर्लामी, उत्कृष्ट सर्भर घिरिङ गाउँपालिकाका सुजन राना, उत्कृष्ट ब्लकर चापाकोटका विवश थापा र उत्कृष्ट कोच बौदीकालीका सञ्जित सिञ्जाली घोषित भएका छन् । प्रतिनिधिसभा सदस्य ठाकुरप्रसाद गैरेले विजेतालाई पुरस्कार वितरण गरे । विजेता टोलीले रु एक लाख ३० हजार, दास्रो हुनेले रु ८० हजार, तेस्रो हुनेले रु ५० हजार र चौथो हुनेले रु २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुरका गरी छ समूहले प्रतियोगितामा सहभागिता जनाएका थिए । दोस्रो निस्दी कृषि, पर्यटन, सांस्कृतिक तथा खेलकुद महोत्सवको अवसरमा भलिबल प्रतियोगिता आयोजना गरिएको हो । *-रासस*

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा लगातार गिरावट



**पाल्पा,** वैशाख ४/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक लगातार गिरावट आएको छ । मंगलबार नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक १४ दशमलव ८१ अंकले गिरावट भएर एक हजार नौ सय ९१ दशमलव ७१ मा सिमित भएको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव २६ अंकले ओरालो लागेर तीन सय ५३ दशमलव ५१ मा सिमित भएको छ । कारोबार भएका कूल १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । नेप्सेका अनुसार कूल ५४ लाख ७१ हजार ६८ कित्ता शेयर रु दुई अर्ब १० करोड ३० लाख १९ हजार दुई सय १८ मूल्यमा कारोबार भएको छ । कारोबारका आधारमा गुर्खाज फाइनान्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु १७ करोड ५९ लाख ७८ हजार एक सय ६३ बराबरको कारोबार भएको छ । सूर्यज्योति लाइफ इन्स्योरेन्स रु सात करोड ४३ लाख ५३ हजार पाँच सय ७२, पोखरा फाइनान्स रु छ करोड ६८ लाख ९८ हजार दुई सय १४, सर्वोत्तम सिमेन्ट रु चार करोड ५९ लाख ८१ हजार चार सय ३४ र शिवम् सिमेन्ट रु चार करोड ४७ लाख ४३ हजार सात सय सात बराबर कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् । एसबिएस ऋणपत्र नौ दशमलव ९९, गोर्खाज फाइनान्स नौ दशमलव ९६, सिभिल बैंकको ऋणपत्र आठ दशमलव १९, ग्रीन डेभलपमेन्ट बैंक पाँच दशमलव शून्य दुई र दिव्यश्वरी हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव शून्य चार प्रतिशतले कमाएका नेप्सेले जनाएको छ ।

त्यस्तै, रुरु जलविद्युत परियोजना १०, पोखरा फाइनान्स छ दशमलव ७४, सिवाइसी नेपाल लघुवित्त छ दशमलव ५०, डोल्टी पावर पाँच दशमलव ६० र जनउत्थान सामुदायिक लघुवित्तका लगानीकर्ताले पाँच दशमलव शून्य छ प्रतिशतले गुमाएका छन् ।

# स्वास्थ्य चौकी बनाउन...

...स्वास्थ्यचौकी भवन बनाउनका लागि सिम्लेका स्थानीय फूलकुमारी खाण, आनन्दकुमारी खाण, यामबहादुर खाण र बेतकुमारी खाणले नि:शुल्क जग्गा दिएको वडाध्यक्ष थापाले जानकारी दिए । स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा यहाँका वडाबासीले गाउँमै स्वास्थ्यचौकी बनाउनुपर्छ भन्दै नि:शुल्क जग्गा उपलब्ध गराएकामा उनले जग्गादातालाई धन्यवाद दिए । "बुढेशकाल लाग्यो, उमेरले ८० पुगेँ । अब उपचारका लागि टाढा जानसक्ने उपाय छैन", जग्गादाता फूलकुमारीले भनिन्, "आफ्नो गाउँमै स्वास्थ्यचौकी भएपछि सामान्य उपचार पाइन्छ । टाढा जान पर्दैन भन्ने लागेर नि:शुल्क जग्गा दिएका हौँ ।" आफ्नै परिवारभित्रका चार जना मिलेर पायक पर्ने ठाउँमा जग्गा दिएको उनले बताए । फूलकुमारीले भनिन्, "स्वास्थ्यचौकी भवन निर्माण भएपछि सहजरुपमा स्वास्थ्य सेवा पाइने विश्वासले स्वास्थ्यचौकीका नाममा जग्गा दिएका हौँ, वडाले पनि भवन निर्माण सुरु गरेको छ । खुसी लागेको छ ।" स्वास्थ्य सम्बन्धी सामान्य उपचारका लागि पनि तिलाहार नेटा, बयरघारी बजार वा वालिङ बजार जानुपर्ने बाध्यता रहेकामा गाउँमै स्वास्थ्यचौकी बनेपछि सहजरुपमा सेवा पाइने स्थानीय बताउँछन् । *-रासस*


## शिक्षक आवश्यकता

***मिति: २०८१/०१/०४***

यस विद्यालयमा मा.वि तह राहत तृतीय श्रेणी अंग्रेजी विषयको पद रिक्त भएको र उक्त पदपूर्तिको लागि एक जना शिक्षकको आवश्यकता भएको हुँदा यस विद्यालयको मिति २०८१/०१/०३ को वि.व्य.स. को बैठकको निर्णय, रैनादेवी छहरा गा.पा. को मिति २०८१/०१/०४ च.नं.१६१९ को सिफारिस पत्र तथा शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८१/०१/०४ च.नं. १२६३ को अनुमति पत्र अनुसार इच्छुक नेपाली नागरिकबाट रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं.** : ०१/०८०/०८१, **पद** : शिक्षक

**तह** : मा.वि. तृतीय करार, **विषय** : अंग्रेजी

**शैक्षिक योग्यता** : मूल विषय अंग्रेजी लिई बि.एड. उत्तीर्ण वा सो सरह

**उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर** : रु १०००/-

**तलब भत्ता** : नेपाल सरकारले तोके अनुसार

**निवेदन दिने अन्तिम मिति** : २०८१/०१/१८ गते (कार्यालय समयभित्र)

**सम्पर्क मिति** : २०८१/०१/१९ गते, **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु** : हस्त लिखित निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र, निरोगिताको प्रमाणपत्र, स्थायी अध्यापन अनुमति

**सम्पर्क नं** : ९८४७०९८१५४, ९८६७३९६०६०, ९८४७०९२४८९

**नोट** : शिक्षक सेवा आयोगको करारबाट दरखास्त पर्न आएमा योग्यता क्रमको आधारमा नियुक्ति गरिने छ । यो विज्ञापन स्वत: खारेज हुनेछ ।

**श्री गौरादेवी माध्यमिक विद्यालय**

रैनादेवी छहरा-६, जुठापौवा, चहला, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई